


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २२ गते बिहीबार ❑ 8 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कांग्रेसमा गुट सकियो, अब कुनै समूह छैन: सभापति थापा

रासस
काठमाडौं, २१ असोज

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीभित्रको गुट र समूह समाप्त भएको बताउनुभएको छ ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत बन्द सत्र समापन कार्यक्रममा सभापति थापाले पार्टीभित्र सबै किसिमको गुट सकिएको बताउनुभएको हो । "आजदेखि सबै गुट सकियो, अब कुनै समूह छैन," उहाँले भन्नुभयो । सभापति थापाले महाधिवेशनपछि कांग्रेसलाई गुटगत आधारमा नभई एउटै पार्टीका रुपमा अघि बढाउने बताउनुभयो । पार्टीभित्र लामो समयदेखि रहेका समूह र विभाजनभन्दा कांग्रेसलाई एकताबद्ध बनाएर अघि बढाउनुपर्ने उहाँको भनाइ थियो ।



यसअघि पनि आफूले पार्टीको आन्तरिक व्यवस्थापनमा सीमित हुनेभन्दा कांग्रेसलाई समाज र जनताबीचको बहसमा केन्द्रित गरेको सभापति थापाले बताउनुभयो । उहाँले आफ्नो समयको ठूलो हिस्सा पार्टीभन्दा बाहिर कांग्रेसका नीति, विचार र मुलुकका विषयमा बहस गर्न खर्चिने बताउनुभयो । सभापति थापाले महाधिवेशन सकिए लगत्तै स्थानीय तहको निर्वाचनसम्म दिनरात खटिने बताउनुभयो ।

## पोखरामा आगलागीजन्य विपद् उद्धार अभ्यास

पोखरापत्र संवाददाता
कास्की, २१ असोज

पोखरामा आगलागीजन्य विपद् व्यवस्थापन तथा उद्धारसम्बन्धी संयुक्त अभ्यास गरिएको छ ।

जिल्ला सुरक्षा समिति, कास्की र रेष्टुरेन्ट एण्ड बार एशोसिएसन नेपाल (रेवान), पोखराको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी, कास्कीको सहयोगमा बुधबार पोखरा महानगरपालिका-७ स्थित कोमागाने उद्यानमा नमूना उद्धार अभ्यास गरिएको हो ।



नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, रेडक्रसकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवकलगायतको सहभागितामा आगलागी नियन्त्रण, व्यवस्थापन तथा उद्धार सम्बन्धी कृत्रिम अभ्यास गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । सुरक्षाकर्मीलाई आगलागीजन्य विपद्को उद्धार कार्यमा दक्ष र सीपयुक्त बनाउन नमूना अभ्यास आयोजना गरिएका उहाँको भनाइ छ । उक्त अवसरमा सुरक्षाकर्मीले खाना पकाउने एलपी ग्यासमा लाग्ने आगलागी नियन्त्रणका उपायबारे अभ्याससहित होटल तथा रेष्टुरेँमा काम गर्ने कर्मचारीसहित सर्वसाधारणलाई जानकारी गराएका थिए । आगलागी नियन्त्रणमा यन्त्र, उपकरणको प्रयोग, मानवसंसाधन परिचालन, आगलागी नियन्त्रण, घाइतेको उद्धार तथा प्राथमिक उपचारलगायतको कृत्रिम अभ्यास गरिएको थियो । सुरक्षाकर्मीले आगलागी नियन्त्रण तथा उद्धार कार्यमा प्रयोग भइरहेका नयाँनयाँ सीप र प्रविधिको प्रदर्शन गरेका थिए । जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कुमारसिंह गुरुङले नमूना अभ्यासले आगलागीका घटना न्यूनीकरण तथा व्यवस्थापनमा पूर्वतयारीसँगै जनस्तरमा सचेतना अभिवृद्धि हुने बताउनुभयो । पोखरा पर्यटकीय राजधानीसमेत भएकाले यस सहर हरेक हिसाबले सुरक्षित छ भन्ने सन्देश अन्तरराष्ट्रिय जगत्मासमेत पुऱ्याउनुपर्ने प्रजिअ गुरुङले बताउनुभयो ।

विपद्सम्बन्धी सम्भावित घटनाको उद्धार तथा कृत्रिम अभ्याससमार्फत आमनागरिकमा सचेतना अभिवृद्धि हुने विश्वास लिइएको उहाँको भनाइ छ । जिल्ला सुरक्षा समितिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सम्बद्ध सङ्घसंस्थासँगको समन्वय र सहकार्यमा प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त अवसरमा रेष्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान)का तर्फबाट जिल्ला विपद् व्यवस्थापन समितिलाई ११ थान आगो निभाउने यन्त्र (फायर एक्स्टिङगुइसर) र ११ थान 'फाइर ब्ल्याङकेट' प्रदान गरिएको थियो । 'रेवान' पोखराका अध्यक्ष वसन्त गौतमले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समाजका सबै पक्षको एकताबद्ध पहल आवश्यक हुने बताउनुभयो ।

## लेतेदेखि कोरलासम्म रोकिएका छन् पाँच सय बढी कन्टेनर

पोखरापत्र संवाददाता
मुस्ताङ, २१ असोज

मुस्ताङको लेतेदेखि कोरलानाकासम्म झन्डै पाँच सयको सङ्ख्यामा कन्टेनर सडकमा लामबद्ध रुपमा रोकिको अवस्थामा रहेको पाइएको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको वर्षापछिको बाढी, पहिरो र हिमपातले सडक अवरुद्ध भएपछि एक सातादेखि ती कन्टेनर जिल्लाका विभिन्न ठाँउमा रोकिएका हुन् । भारी वर्षाबाट अवरुद्ध म्याग्दीको पोखरेबगर, कुनौटे र बैसरीलगायतका स्थानमा सडक मर्मत भइरहेको छ । उक्त सडक सञ्चालनका लागि अझै एक साता लाग्ने त्यस सडक आयोजनाका प्राविधिकहरूले जनाएका छन् । उक्त सडक सञ्चालनमा नआउँदा ७० बढी कन्टेनर र सय बढी विद्युतीय सवारीसाधन जोमसोमस्थित बसपार्कमा राखिएको छ । बेनी-जोमसोम सडक अवरुद्ध रहेकै अवस्थामा कोरलानाकाबाट भने केही मालवस्तु बोकेका कन्टेनर जोमसोम ल्याइएको छ । कालीगण्डकी करिडोर सडक आयोजनाले जोमसोम–कोरला खण्डमा अवरुद्ध सडक मर्मत गरेपछि मुस्ताङ भन्सार बन्दरगाहमा रोकिएका ती केही मालवस्तुवाहक कन्टेनर जोमसोम ल्याइएको हो ।



यसअघि बाढी पहिरोबाट नाका क्षेत्रमा विद्युत् र इन्टरनेटको समस्या कारण चीनबाट ल्याइएका सामानको भन्सार जाँचपास हुन नसक्दा सयौँको सङ्ख्यामा ती कन्टेनर रोकिएका थिए । भारी वर्षापछिको बाढी, पहिरो र नदी कटानले म्याग्दी खण्डका दर्जनौँ स्थानमा विद्युत् पोल क्षतिमा हुँदा एक सातादेखि मुस्ताङमा केन्द्रीय ३३ केभी विद्युत् प्रसारण लाइन र इन्टरनेट सेवा अवरुद्ध थियो । त्यसबाट उपल्लो मुस्ताङ भन्सार कार्यालयको नियमित सेवा प्रभावित हुँदै आएको थियो ।

कोरला नाकामै रोकिएका कन्टेनर चालक गोबिन्द गुरुङले कोरलानाकाबाट पैठारी गरिएका मालवस्तु बोकेका करिब ३०० कन्टेनर तथा २०० बढी विद्युतीय सवारी साधन भन्सार जाँचपासका लागि अहिले पनि रोकिएको बताउनुभयो ।

चीनबाट कोरलानाका हुँदै पैठारी गरी नेपाल भित्र्याइएको दसैंतिहार लक्षित मालवस्तु समयमै गन्तव्यमा पुर्याउन नसक्दा व्यापारीमात्र होइन उपभोक्ता समेत इच्छाइएको सामग्री खरिद गर्नबाट वञ्चित हुनुपरेको छ । त्यसबाट नेपाली बजारसमेत आर्थिक रुपमा चलायमान हुनसकेको छैन ।

## कांग्रेसको १५औँ महाधिवेशनमा बिहीबार बिहान १० बजेदेखि मतदान

पोखरापत्र संवाददाता
काठमाडौं, २१ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि बिहीबार बिहान १० बजेदेखि मतदान हुने भएको छ ।

महाधिवेशनमा सहभागी सात हजार २५५ प्रतिनिधिले कांग्रेसको आगामी नेतृत्व चयनका लागि मतदान गर्नेछन् ।

बाँकी अन्तिम पृष्ठमा ▶▶




## मुस्ताङका तीन स्थानीय तहद्वारा छ ब्यारेल इन्धन सहयोग

पोखरापत्र संवाददाता
मुस्ताङ, २१ असोज

राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक आयोजनालाई मुस्ताङका तीन स्थानीय तहले छ ब्यारेल इन्धन (डिजेल) उपलब्ध गराएका छन् । यही असोज ११ देखि अवरुद्ध बेनी-जोमसोम सडक सञ्चालनार्थ इन्धन अभाव नहोस् भनेर इन्धन उपलब्ध गराएको हो ।

यसअघि बेनी-जोमसोम सडक पुनर्निर्माणका लागि आयोजनाबाट पर्याप्त मात्रामा इकुमेन्ट र जनशक्ति परिचालन गरिएको भए पनि सडक अवरुद्धले ईन्धनको व्यवस्थापन गर्न नसक्दा सडक मर्मतको काम प्रभावित भएको थियो । नेपाली सेनाको सहयोगमा म्याग्दीको कुनौटे सडकमा ड्रोनमार्फत इन्धन ढुवानी गरिएको थियो ।

यही असोज ८ देखिको भारी वर्षाले बेनी-जोमसोम-कोरला सडकमार्गको दर्जनौँ स्थान सडक क्षतविक्षेत भएको छ । जसका कारण बेनी-जोमसोम सडक पछिल्लो दश दिनदेखि सडक अवरुद्ध छ । राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग अवरुद्ध हुँदा मुस्ताङमा नराम्रो असर परेको छ । राष्ट्रिय गौरवको सडक मुस्ताङसँगको सडक कनेक्टिभिटी टुटेसँगै मुस्ताङ पर्यटन र कृषि क्षेत्रमा ठूलो नोक्सानी भएको छ ।

बेनी-जोमसोम सडकको सीधा यातायात सम्पर्कविच्छेद भएसँगै मुस्ताङमा दैनिक उपभोग्य वस्तु तथा इन्धनको समस्या परेको छ । सडक अवरुद्धका कारण प्रभावित बनेको मुस्ताङको जनजीवन सहज बनाउन तथा सडक मर्मतलाई गति प्रदान गर्न मुस्ताङको घरपभोङ २२० लिटर (एक ब्यारेल), वारागुङ मुक्तिक्षेत्रले ६६० लिटर (तीन ब्यारेल) र लोघेकर दामोदरकुण्डले २२० लिटर (एक ब्यारेल इन्धन (डिजेल) मुस्ताङबाट ढुवानी गरी सहयोग पुऱ्याएका छन् । वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिन नामगेल गुरुङ, घरपभोङका अध्यक्ष मोहनसिंह लालचन र लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टलगायतले मुस्ताङबाट इन्धन ढुवानी गरी आयोजनालाई हस्तान्तरण गर्नुभएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । योसँगै बेनी-जोमसोम सडक मर्मतका लागि सडक उपकरण चलाउन इन्धनको समस्या टरेको उहाँको भनाइ छ ।

अवरुद्ध बेनी-जोमसोम सडकको अधिकांश स्थानमा सडक मर्मत भई सञ्चालनमा आइसकेको भए पनि म्याग्दीको पोखरेबगरमा कालीगण्डकी नदीको पुल एप्रोज सडक र कुनौटो सडकको सडक मर्मत तीव्र पारिएको छ । आयोजना प्रमुख शर्माले बेनी-जोमसोम अवरुद्ध सडक छिट्टै सञ्चालनमा ल्याउने बताउनुभयो । भारी वर्षाका कारण राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक ध्वस्त हुँदा मुस्ताङ पूर्ण रूपमा प्रभावित भएको घरपभोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले उल्लेख गर्नुभयो । सडक अवरुद्धले दसैं-तिहारअधिको छेकोमा हुने पर्यटन व्यवसाय र स्याउको बजारीकरणमा समस्या परेको उहाँले बताउनुभयो । कोरलानाकाको निकासी तथा पैठारी व्यापार पूर्ण रूपमा प्रभावित भएको छ । सडक अवरुद्ध हुँदा मुस्ताङमा सयौँ कन्टेनर तथा विद्युतीय सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गर्न नसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । बेनी-जोमसोम-कोरला सडक गण्डकी प्रदेश र मुस्ताङ जिल्लाकै आर्थिक समृद्धिको मेरुदण्ड भएकाले यो सडकलाई यथाशीघ्र मर्मत गरी सडक सञ्चालन गराउन सबै पक्षको उत्तिकै साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो ।

# माछापुच्छ्रे गाउँपालिकाका लागत साझेदारीका योजना अनुगमन

पोखरापत्र संवाददाता
कास्की, २१ असोज



जिल्ला समन्वय समिति कास्कीले माछापुच्छे गाउँपालिकाका लागत साझेदारीका योजना अनुगमन गरेको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको टोलिले जिसस कास्कीको ६० प्रतिसत र माछापुच्छे गाउँपालिकाको ४० प्रतिसत लागत साझेदारीमा निर्माणाधिन र निर्माण सम्पन्न आयोजनाहरूको बुधबार अनुगमन गरिएको हो । यसरी अनुगमन गरेका आयोजनाहरूमा माछापुच्छे वडा न ७ को स्वास्थ चौकी भवन, पात्लाकुने खाने पानी योजना, वडा न २ भुर्जुङ खोलाको माछापुच्छे मा. वि. भवन निर्माण योजना अनुगमन गरिएको जिल्ला समन्वय समिति कास्कीले जनाएको छ । अनुगमनका क्रममा जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले निर्धारित मापदण्ड र गुणस्तरलाइ उच्च प्राथमिकता दिन आग्रह गरिए पनि आशा अनुसार पाउन नसकेको उल्लेख गर्नुभयो । पौडेलले सार्बजनिक लगानिको उच्चतम सदुपयोग हुनुपर्ने कुरालाई दोहोर्याउनु भएकोथियो । अनुगमनमा सो पालिका क्षेत्र भएका जिसस कास्कीका सदस्यद्वय सुकमाया नेपाली र लक्ष्मी दमै, जिल्ला समन्वय अधिकारी नवराज बराल, इन्जिनियर महेश पोख्रेल सहित प्राबिधिक तथा कर्मचारी र स्थानिय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# मध्यपहाडीको कास्की खण्डमा तीन पक्की पुल निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
कास्की, २१ असोज



राष्ट्रिय गौरवको आयोजना पुष्पलाल (मध्यपहाडी) लोकमार्गअन्तर्गत कास्की खण्डमा तीनवटा पक्की मोटरेबल पुल निर्माण सम्पन्न भएका छन् ।

पुल निर्माण सम्पन्न भएसँगै लामो समयदेखि फराकिलो सडक र साँघुरो पुलका कारण हुँदै आएको आवागमनको समस्या हटेको छ भने यात्रु तथा सवारीसाधनलाई आवतजावतमा सहज भएको छ। मध्यपहाडी लोकमार्गको पोखरा महानगरपालिका-१ याम्दी खोलामा दुईवटा र अन्नपूर्ण गाउँपालिकामा पर्ने घट्टेखोलानजिक पानीविहाडमा एउटा पक्की पुल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पर्वतका सूचना अधिकारी इन्जिनियर उज्ज्वल शर्माले जानकारी दिनुभयो ।

याम्दीखोलामा रहेको पुरानो पुलको दायाँ र बायाँपट्टि थप एक-एकवटा नयाँ पुल निर्माण गरिएको हो । दुवै नयाँ पुलको लम्बाइ ५२-५२ मिटर रहेको छ । यसैगरी अन्नपूर्ण गाउँपालिकातर्फ निर्माण गरिएको पानीविहाड पुलको लम्बाइ १२४ मिटर रहेको इन्जिनियर शर्माले बताउनुभयो । मध्यपहाडी लोकमार्गअन्तर्गत याम्दी पुलदेखि नयाँपुलसम्मको सडकखण्ड यसअघि नै स्तरोन्नति तथा विस्तार भइसकेको थियो । सडक फराकिलो भए पनि पुल निर्माणको काम पूरा नहुँदा कतिपय स्थानमा सडकको चौडाइअनुसार पुलको संरचना नहुँदा सवारीसाधन सञ्चालनमा असहजता हुने गरेको थियो ।

विशेषगरी साँघुरो पुलका कारण विपरीत दिशाबाट आउने सवारीसाधनलाई पार गराउन समस्या हुनुका साथै दुर्घटनाको जोखिमसमेत रहने गरेको थियो । अब सडकको चौडाइअनुसार पक्की पुल निर्माण सम्पन्न भएपछि उक्त समस्या हटेको कार्यालयले जनाएको छ। पुल सञ्चालनमा आएसँगै यात्राको समय बचत हुनुका साथै सवारीसाधनको आवागमनसमेत थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । "सडकअनुसारकै पक्की पुल निर्माण भएपछि दुर्घटना हुने जोखिम पनि हटेको छ । पुल निर्माणको सबै काम सम्पन्न भएको छ । यसबाट मध्यपहाडी लोकमार्ग हुँदै यात्रा गर्ने यात्रुलाई सहज भएको छ", सूचना अधिकारी शर्माले भन्नुभयो । तीनवटै पुल निर्माणका लागि कार्यालयले एउटै ठेक्कामार्फत काम अघि बढाएको थियो। सोहीअनुसार रु २१ करोड ५९ लाख ७८ हजार लागतमा विसं २०७९ साउन २२ गते गीता कन्स्ट्रक्सन, स्याङ्जासँग ठेक्का सम्झौता गरिएको थियो । सम्झौताअनुसार निर्माणकार्य अघि बढाई तीनवटै पुल सञ्चालनमा ल्याइएको कार्यालयले जनाएको छ।

मध्यपहाडी लोकमार्गले नेपालको मध्यपहाडी क्षेत्रका विभिन्न जिल्लालाई सडक सञ्जालमार्फत जोड्दै आएको छ । कास्की खण्डमा पुल निर्माण सम्पन्न भएपछि पोखरादेखि पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङलगायतका जिल्लातर्फ हुने यातायात थप सहज हुने भएको छ।

मध्यपहाडी लोकमार्ग हुँदै दैनिक सयौँ सवारीसाधन साविक धवलागिरिका पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ तथा पूर्वी रुकुमलगायतका जिल्लामा आवतजावत गर्दछन् । मालवाहक सवारी, सार्वजनिक यातायात तथा निजी सवारीसाधनका लागि समेत यो सडकखण्ड महत्त्वपूर्ण मार्गका रूपमा रहेको छ।

# पब्लिक टेलिभिजनले विश्व खाद्य दिवसका अवसरमा कृषि पर्यटन गीत प्रतियोगिता गर्ने

पोखरापत्र संवाददाता
कास्की, २१ असोज

विश्व खाद्य दिवसको अवसरमा बार्दली मिडिया प्रा.लिद्धारा सञ्चालित पब्लिक फोर के टेलिजिभनले 'कृषि पर्यटन गीत प्रतियोगिता' आयोजना गर्ने भएको छ ।

टेलिभिजनले पोखरा महानगरपालिकाको कृषि सञ्जाल तथा छिमेकी जिल्लाका कृषक समूहबीच प्रतियोगिता आयोजना गर्न लागेको हो ।

४६औं विश्व खाद्य दिवसका अवसरमा असोज ३० गते शुक्रबार पोखरा स्थित गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलमा प्रतियोगिता हुने कार्यक्रम संयोजक घनश्याम पाण्डेले जानकारी दिए । यसअघि भदौ २२ गते आयोजना गर्ने भनिएको कृषि तीज गीत प्रतियोगिता भोटेकोशी बाढीका कारण स्थगित गरिएको थियो । प्रतियोगितामा लोकदोहोरी क्षेत्रका चर्चित कलाकार पशुपति शर्मा, प्रजापति पराजुली, माया गुरुङलगायतको प्रस्तुति रहने आयोजकले जनाएको छ । प्रतियोगितामा कृषक समूहले कृषि, उत्पादन, पर्यटनसँग सम्बन्धित गीत प्रस्तुत गर्नेछन् । १२ देखि १५ समुह सम्मको प्रस्तुति रहने प्रतियोगितामा लोकलय र भजनमा गीत प्रस्तुत गर्नेछन । टेलिभिजनका प्रबन्ध निर्देशक मन क्षेत्रीका अनुसार दशैंको अवसरलाई समेत लक्षित गरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडसँगको समन्वयमा सहुलियत मूल्यका खाद्यन विक्रि तथा रैथाने कृषि उपजको स्टलसमेत राखिनेछ ।

पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले विश्व खाद्य दिवस किसानको लागि महत्वपुर्ण दिन भएको भन्दै यस महत्व अझ तल्लो तह सम्म पुऱ्याउन यस्तो कार्यक्रमले महत्ववुर्ण भुमिका निर्वाह गर्ने बताए । कार्यक्रमलाई कृषि सञ्जालसँग जोडेर अघि बढाउन लागिएको बताए । उनका अनुसार असोज ३० गते बिहान १० बजे पोखरा १ स्थित पृथ्वीनारायण क्याम्पसको तल्लो गेटदेखि माथिल्लो गेट हुँदै गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलसम्म कृषि झाँकीसहितको ऱ्याली निकालिनेछ ।

कार्यक्रममा कृषि झाँकी, बाजागाजासहितको ऱ्याली, कृषक समूहबीच गीत प्रतियोगिता तथा कृषि उपजको प्रदर्शनी रहनेछ । विश्व खाद्य दिवसको अवसरमा कृषि क्षेत्र, कृषक र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम, द्बितीय र तृतीय हुने समूहले क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# जीप सफारीमार्फत पर्यटकीय गन्तव्य जोड्ने तयारी

रासस
दमौली, २० असोज




तनहुँका प्रमुख पर्यटकीय तथा धार्मिक गन्तव्यलाई एउटै पर्यटन सर्किटमा जोड्ने तयारी गरिएको छ । जिल्लामा पछिल्लो समय बढ्दै गएको आन्तरिक पर्यटनलाई लक्षित गर्दै बन्दीपुर र आँबुखैरेनीमा सञ्चालन हुँदै आएको जीप सफारीलाई अन्य पर्यटकीय गन्तव्यसँग जोड्ने योजना अघि सारिएको हो ।

बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलका अनुसार बन्दीपुर र आँबुखैरेनी क्षेत्रमा जीप सफारी सञ्चालन भइरहेको छ । पर्यटकलाई सडकमार्ग हुँदै गाउँ, पहाड, धार्मिकस्थल तथा प्राकृतिक गन्तव्यको अवलोकन गराउने उद्देश्यले जीप सफारी सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

जीप सफारीलाई थप विस्तार गर्दै दमौली-मानुङकोट, छाब्दी, छिम्केश्वरी र आँधीमूललाई समेटेर धार्मिक तथा पर्यटकीय सर्किट विकास गर्ने तयारी गरिएको पौडेलले जानकारी दिनुभयो । "बन्दीपुर र आँबुखैरेनीमा जीप सफारी भइरहेको छ। अब यसलाई अन्य पर्यटकीय गन्तव्यसँग जोडेर पर्यटन सर्किटका रूपमा विकास गर्ने तयारी गरेका छौँ," पौडेलले भन्नुभयो । उहाँका अनुसार तनहुँमा धार्मिक, प्राकृतिक र ग्रामीण पर्यटनका लागि पर्याप्त सम्भावना भए पनि गन्तव्यबीचको सम्बन्ध र पर्यटकीय प्याकेजको विकासमा अझै ध्यान पुग्न सकेको छैन। एउटै यात्रामा विभिन्न गन्तव्यको भ्रमण गर्न सकिने गरी सफारी सञ्चालन गर्न सके पर्यटकको बसाइ अवधि बढाउन पनि सहयोग पुग्ने उहाँको भनाइ छ।

मानुङकोट सूर्योदय तथा हिमशृङ्खला अवलोकनका लागि चर्चित गन्तव्यका रूपमा विकास भएको छ । त्यससँगै छाब्दी धार्मिक तथा प्राकृतिक आकर्षण बोकेको स्थल हो। छिम्केश्वरी तनहुँको उच्च पहाडी क्षेत्रको महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य हो भने आँधीमूल पनि धार्मिक पर्यटनका दृष्टिले महत्वपूर्ण स्थलका रूपमा परिचित छ । यी गन्तव्यलाई सडकमार्गमार्फत जोडेर जीप सफारी सञ्चालन गर्न सके पर्यटकलाई एउटै प्याकेजमा फरक-फरक प्रकृतिका गन्तव्यको अनुभव गराउन सकिने पौडेल बताउनुहुन्छ । जीप सफारीले पर्यटकलाई मुख्य बजार क्षेत्रबाट गाउँ तथा पहाडी बस्ती हुँदै गन्तव्यसम्म पुऱ्याउने भएकाले यसबाट ग्रामीण क्षेत्रमा समेत पर्यटनको लाभ पुग्ने अपेक्षा गरिएको छ । पर्यटकको आवागमन बढेमा स्थानीय होटल, होमस्टे, रेस्टुरेन्ट, कृषि उपज तथा स्थानीय उत्पादनको बजार विस्तारमा पनि सहयोग पुग्ने व्यवसायीको विश्वास छ । बन्दीपुर यसअघि नै नेपालको प्रमुख पहाडी पर्यटकीय गन्तव्यका रूपमा स्थापित छ । यहाँ आउने पर्यटकलाई आसपासका ग्रामीण तथा धार्मिक क्षेत्रसम्म पुऱ्याउन सके बन्दीपुरमा केन्द्रित पर्यटनलाई जिल्लाका अन्य क्षेत्रमा विस्तार गर्न सकिने देखिन्छ ।

आँबुखैरेनी पनि प्राकृतिक सौन्दर्य, धार्मिकस्थल तथा ग्रामीण परिवेशका कारण पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । जीप सफारीमार्फत यी क्षेत्रलाई जोड्दा सडकमार्गबाट सहजै घुम्न चाहने पर्यटकका लागि नयाँ विकल्प थपिने उहाँले बताउनुभयो । पर्यटन व्यवसायी पौडेलले पर्यटकलाई केवल एउटा गन्तव्य देखाएर फर्काउनेभन्दा गन्तव्यको समूह बनाएर प्याकेज तयार गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो । त्यसका लागि स्थानीय तह, पर्यटन व्यवसायी र स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको उहाँ बताउनुहुन्छ । "एउटा गन्तव्यमा पुगेपछि अर्को गन्तव्यसम्म जाने वातावरण बनाउन सकियो भने पर्यटकको बसाइ र खर्च दुवै बढाउन सकिन्छ," पौडेलले भन्नुभयो । धार्मिक तथा पर्यटकीय सर्किट निर्माणसँगै स्थानीय समुदायलाई पर्यटनसँग जोड्ने योजना पनि महत्वपूर्ण हुने उहाँको भनाइ छ । पर्यटक आउने क्षेत्रका स्थानीयले घरबास (होमस्टे) सञ्चालन, स्थानीय खाना, हस्तकला, कृषि उपज तथा सांस्कृतिक गतिविधिमार्फत आम्दानी गर्न सक्ने भएकाले पर्यटनबाट प्रत्यक्ष लाभ लिन सक्ने वातावरण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। तनहुँका विभिन्न क्षेत्रमा रहेका पर्यटकीय गन्तव्यबीच यातायातको सहज पहुँच, पूर्वाधार विकास र प्रचारप्रसारलाई एकीकृत गर्न सके जिल्लालाई लामो दूरीको पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने व्यवसायीको विश्वास छ।


## चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# बाटुलेचौर महिला कृषक समुहद्धारा क्रियाशिल महिला सम्मानित

पोखरापत्र संवाददाता
कास्की, २१ असोज



पोखरा महानगरपालिका वडा नं. १६ स्थित बाटुलेचौर महिला कृषक समुहले बिभिन्न क्षेत्रमा योगदान पुर्याएका महिलालाई सम्मान गरेको छ।

समुहको प्रथम वार्षिक साधारण सभाका अवसरमा उद्यमशीलता, सामाजिक योगदान तथा संस्थाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका दिलमाया नेपाली, शान्ति चर्माकार, नानी सुचिकार, शान्ति नेपाली, मञ्जु बस्याल, विमला परियार, मञ्जु सुनार र सन्ध्या नेपालीलाई सम्मान गरिएको हो । उनीहरुलाई पोखरा १६ का वडा सदस्य रामचन्द्र आचार्य र समुहका अध्यक्ष ईश्वरी नेपालीले सम्मान गरे । कार्यक्रममा बोल्दै वडा सदस्य रामचन्द्र आचार्यले महिला सशक्तीकरण, उद्यमशीलता विकास तथा सामुदायिक एकताको सन्देश प्रवाह गर्न संस्था सफल भएको बताए । उनले सामुहिक एकता र भावनाबाट गरिने कुनै पनि कार्य सफल हुने विश्वास व्यक्त गरे ।

सभामा जनप्रतिनिधि मञ्जु बस्याल ,दलित महिला संघ,गण्डकी प्रदेश अध्यक्ष सुमित्रा गायक,दलित महिला संघ, कास्कीका अध्यक्ष लक्ष्मी खाँती, नयाँ किरण कृषि सहकारी संस्थाका अध्यक्ष एकराज नेपाली, अञ्जुली सहकारीका अध्यक्ष भिम गायक, अर्मला साना किसान सहकारी संस्थाकी कोषाध्यक्ष शोभा कार्कीलगायतले संस्थागत विकास, महिला उद्यमशीलता प्रवर्द्धन तथा आर्थिक सशक्तीकरणमा विशेष भुमिका खेल्न सुझाव दिए ।साधारण सभाले अध्यक्षको वार्षिक प्रगति प्रतिवेदन को षाध्यक्ष ममता परियारले पेश गरेको आर्थिक प्रतिवेदन पारित गरेको छ। समूहकी अध्यक्ष ईश्वरी नेपालीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव अमृता सुनारले गरेकी थिईन् ।

## कांग्रेसको ...

केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बिहीबार बिहान ७ बजेदेखि मतदान गर्ने कार्यक्रम यसअघि सार्वजनिक गरिएको भए पनि वर्षा र केही प्राविधिक कारणले तीन घण्टा ढिला गरी सुरू गर्न लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार मतदानका लागि काठमाडौँका तीन स्थानमा सात मतदान केन्द्र तोकिएको छ । प्रतिनिधिको सहजताका लागि प्रदेश र प्रतिनिधित्वको आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको हो । निर्वाचन समितिले राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा मतदान केन्द्र तोकेको छ । राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिले मतदान गर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी खुलामञ्चमा कोशी, मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशका प्रतिनिधिले मतदान गर्नेछन् । भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि बनेकाका लागि पनि खुलामञ्चमै मतदान गर्ने व्यवस्था गरिएको निर्वाचन समितिले जनाएको छ । प्रज्ञा भवनमा गण्डकी र लुम्बिनी प्रदेशका प्रतिनिधिका लागि मतदान केन्द्र तोकिएको छ।

सम्बन्धित प्रदेश तथा समूहका प्रतिनिधिले तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्नुपर्नेछ । निर्वाचन समितिका संयोजक खड्काका अनुसार मतदान बिहान १० बजेदेखि सुरू हुनेछ । मतदानका क्रममा प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# गण्डकी प्रदेशको कांग्रेस सरकारलाई सर्वोच्चको अंकुश

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई सर्वोच्च अदालतले दीर्घकालीन असर पर्ने नीतिगत निर्णय नगर्न अन्तरिम आदेश दिएको छ । मुख्यमन्त्री पाण्डेविरुद्ध दायर रिटमा सर्वोच्चका न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार अन्तरिम आदेशले फुक्काफाल गरेर हिड्न रोकि दिएको छ। सत्ता साझेदार नेकपा (एमाले)ले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री पाण्डेले प्रदेशसभाबाट विश्वासको मत लिएका छैनन । कानुनी शासनको वकालत गर्ने काङ्ग्रेसलाई संविधानको पालना गर्न संझाएको छ।

नेपालको संविधानको धारा १८८ (२) अनुसार सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वासको मत लिनुपर्छ। गएको भदौ १० गते एमालेले सरकार छाडेर समर्थन फिर्ता लिएको थियो । असोज ९ गतेभित्र विश्वासको मत लिनुपर्ने जिकिरसहित लीलबहादुर थापाले उत्प्रेषणसमेत आदेश माग गरी रिट दायर गरेका थिए । एकल बहुमतको सरकार जस्तो ठानेर चल्दै आएका मुख्यमन्त्री पाण्डेलाई अब प्रदेश सभामा बहुमत देखाउनुपर्ने भएको छाकाङ्ग्रेस एक्लैले बहुमत पुर्याउन सक्दैन। राप्रपा र माओवादीको निर्वाचन चिन्हबाट जितेर फरक दल जस्तै गरेर मन्त्री बनेका फणीन्द्र देवकोटाको दलसँग पनि सहकार्य गर्नुपर्छ। नेपाली उखान रात रहे अग्राख पलाउँछ भने जस्तो अवस्था नआउला भन्न सकिन्न।

अदालतले मुद्दाको अन्तिम टुङ्गो नलाग्दासम्म कुनै पनि महत्वपूर्ण काम नगर्न पाण्डेका नाममा आदेश जारी गरेको छ । आदेशमा भनिएको छ, "नेपालको संविधानको धारा १८८ (२) बमोजिम ३० दिनभित्र विश्वासको मत लिनुपर्ने भन्ने व्यवस्थाको कार्यान्वयन नगरिएको भन्ने निवेदन दावी देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म दीर्घकालीन महत्वका विषयमा कुनै पनि काम कारबाही नगर्नु, नगराउनु ।" अदालतले कात्तिक ११ गतेभित्र विपक्षी गण्डकी प्रदेश प्रमुखको कार्यालय समेतलाई लिखित जवाफ पेश गर्न आदेशमा भनिएको छ। ६० सदस्यीय गण्डकी प्रदेशसभामा अहिले ५९ सदस्य कायम छन् । सरकार बनाउन ३० प्रदेशसभा सदस्यको समर्थन चाहिनेमा नेपाली कांग्रेसका २७ प्रदेशसभा सदस्य छन् ।

एक प्रदेशसभा सदस्य रहेको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का फणीन्द्र देवकोटा पनि सरकारमा ऊर्जा मन्त्री छन । अघिल्लो पटक मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिँदा मत दिएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले अहिले कसैलाई पनि समर्थन नगर्ने संस्थागत निर्णय गरेको छाराप्रपा सरकारमा नजाने र कसैलाई पनि समर्थन नगर्ने निर्णय कायम भए सम्म पाण्डेलाई सजिलो छैन। काङ्ग्रेस गठबन्धन गर्ने पक्षमा नदेखिएकाले गण्डकी प्रदेशको हकमा कुन नीति लिन्छ त्यसको आधारमा पाण्डे सरकारको आयु निर्धारण हुनेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# दसैंमा नयाँ पैसा लिन सजिलो: बैंकको एटिएमबाटै १०० को नोट पाइने

रासस
काठमाडौं, २१ असोज

नेपाल राष्ट्र बैंकले यसपालिको दसैंलाई लगायतका चाडपर्वलाई लक्षित गर्दै बैंक तथा वित्तीय संस्थालाई 'एटिएम मेसिन'बाटै रु १०० का नयाँ नोट उपलब्ध गराउन निर्देशन जारी गरेको छ।

राष्ट्र बैंकको निर्देशनसँगै केही बैंक तथा वित्तीय संस्थाले नयाँ खाले एटिएम मेसिनबाट रु १०० का नोट पनि वितरण गर्न थालेका छन् । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले भोटेकोशी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको अवस्थामा नयाँ नोटबारे अनावश्यक प्रचारप्रसार नगरी चाडपर्वलाई लक्षित गर्दै राष्ट्र बैंक र वाणिज्य बैंकबाट सुकिला र सफा नोट प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

"एकातर्फ पैसा सटही गर्ने काम दैनिक गर्नुपर्ने नियमित काम जस्तै हो । यसलाई सूचना नै निकालेर गरिरहनुपर्छ भन्ने छैन", उहाँले भन्नुभयो, "चाडपर्वकै मुखमा भोटेकोशी बाढीले ठूलो जनधनको क्षति भएकाले पनि राष्ट्र बैंकले दसैं मनाउन भनी सूचना जारी गर्न पनि उपयुक्त देखिदैन। हामीले यो ढङ्गले गर्न लागेका हौं।"

प्रवक्ता पौडेलले यही असोज १ गतेदेखि राष्ट्र बैंकको थापाथली, राष्ट्र बैंकका प्रादेशिक कार्यालय र वाणिज्य बैंकबाट सुकिला र सफा नोट दिने काम भइरहेको जानकारी दिनुभयो।

प्रवक्ता पौडेलले पनि विगत ४/५ वर्षदेखि राष्ट्र बैंकले चाडपर्व लक्षित गर्दै नयाँ नोट बजारमा ल्याउने परिपाटीलाई क्रमशः न्यूनीकरण गर्ने प्रयास गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गत भदौ ३१ गतेसम्म रु सात खर्ब ९४ अर्ब करेन्सी इन सर्कुलेसन भएको छ । सो रकमको करिव ८ देखि १० प्रतिशतसम्मको रकम दसैंमा वृद्धि हुने अनुमान गरेका छौं।"

## कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित २०८३/०६/२२

यस शीतल वचत तथा ऋण सहकारी संस्था लिमिटेडको लागि निम्नानुसारको कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक नेपाली नागरिकले मिति २०८३/०६/२८ गते सम्म कार्यालय समय भित्रमा आवश्यक कागजात सहित संस्थाको कार्यालयमा सम्पर्क गर्नुहोला।

पद : बजार प्रतिनिधी (कनिष्ठ सहायक)
संख्या : १ (एक)
शैक्षिक योग्यता : १२ उत्तीर्ण वा सो सरह
सेवा सुबिधा : संस्थाको नियमअनुसार।
आवेदकको उमेर : १८ बर्ष पुरा भई ३५ ननाघेको
छनौटको किसिम : अन्तरवार्ता

*अनुभवि कम्पुटर प्रविधिमा राम्रो दख्खल तथा दुइ पाङ्ग्रे सवारी साधन लाइसेन्स भएकालाई विशेष प्राथमिकता दिइने छ।*

आवश्यक कागजातहरु

- बायोडाटा
- शैक्षीक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
- अनुभव प्राप्त प्रमाणपत्रको प्रतिलिपी।
- नेपाली नागरिकताको प्रतिलिपि।
- १ प्रति पासपोर्ट साइजको फोटो।
- हस्तलिखित निवेदन।

सम्पर्क
पदपूर्ति समिति
**शीतल वचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१७, छोरेपाटन
०६१-४५४३४४/०६१४५५३२५, ९८५६०६५३२५

# कोरला नाका जोड्ने सडकका विभिन्न खण्डमा मर्मत तीव्र

पोखरापत्र संवाददाता
म्याग्दी, २१ असोज

पछिल्लो मनसुनजन्य विपद् पछि बाढी पहिरोका कारण अवरुद्ध बनेको कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकको विभिन्न स्थानमा मर्मत कार्य सम्पन्न भएको छ।

सो सडकखण्डको विभिन्न ५५ स्थानमा बाढी पहिरोका कारण अवरुद्ध भएको थियो । यही असोज ८ देखि ११ गतेको झरीपछि कालीगण्डकी नदीमा आएको बाढीले १० स्थानको सडक कटान गरेर बगाएको र भत्काएको छ। बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरेबगरमा कालीगण्डकीले बगाएको सडक पुलको पहुँचमार्ग र रघुगङ्गा गाउँपालिका-२ कुनौटा बाहेकका स्थानमा मङ्गलबारसम्म प्रारम्भिक मर्मत कार्य सकिएको जानकारी दिनुभयो।

"मालढुङ्गादेखि कुनौटा, कोरलादेखि पोखरेबगर सडक पुलसम्मको सडकमा ठूला सवार ीसाधन सञ्चालन गर्न सकिने गरि मर्मत भएको छ," उहाँले भन्नुभयो, "पोखरेबगरदेखि कुनौटाको बीचमा पर्ने रातोपानी, धिरच्याङ, भिरकाटे, महभिर, तिप्ल्याङ र बेगखोलामा पहिरो पन्छाउने तथा नयाँ मार्ग बनाउने काम सकिएको छ।"

बाढीले कुनौटामा पैदलयात्रा गर्न नमिल्ने गरी २५० मिटर सडक र पोखरेबगरको पुलको पहुँचमार्ग बगाएको थियो। कुनौटामा चार वटा एक्साभेटरसहित टिप्पर परिचालन गरेर माटो भर्ने तथा पोखरेबगरमा मजदुर र उपकरण परिचालन गरेर ग्यावियन पर्खाल निर्माण भइरहेको छ।

आगामी सोमबारसम्म सवार ीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरिएको योजना प्रमुख शर्माले बताउनुभयो। सुरुआती चरणमा रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन इन्धन अभाव रहँदै आएको थियो। राहुघाटको विद्युत्गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको छ। नेपाली सेना, स्वयम्सेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ।

सडक विभाग र निर्माण व्यवसायीका १५ वटा एक्साभेटर, १२ वटा टिप्पर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको सङ्घीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो।

"सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तर रूपमा काम गरिरहेका छन्," उहाँले भन्नुभयो । सो आयोजनामा यसपटकको विपद्ले हालसम्म ठूलो क्षति पुऱ्याएको छ। सडक पुनर्निर्माणका लागि रु तीन अर्ब लाग्ने प्रारम्भिक अनुमान सडक विभागले गरेको छ । रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्वपूर्ण रहेको छ। सो नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । मुस्ताङको स्याउ बजार पठाउने समय सुरु भएको छ। दसैं-तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने समय नजिकिएको छ। पर्यटकीय याम सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब परेको छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भु.पु. सै.नं.५०४३८६९L का हवल्दार शुक राम गुरुङको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सिता कुमारी गुरुङ र जन्ममिति वि.सं. २०३२।०५।०३ (ई.सं.१९७५।०८।१९) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेख एवं पारिवारिक विवरणमा निजको श्रीमतीको नामथर सिता गुरुङ (SITA GURUNG) र जन्ममिति ई.सं.१९७५।०८।०९ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति . भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं.१७९९ मिति २०८३।०६।१२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला मोदी गाउँपालिका वडा नं. ४ बस्ने भारतीय सेना भु.पु. नं. ५२४४००८L टि एस नायक पदम बहादुर पुनको श्रीमती भद्री माया पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भद्री माया पुन (Bhadari Maya Pun), जन्म मिति वि.सं. २०२०/०८/१३ (सन १९६३ नोभम्बर २९) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर भद्री पुन (Bhadari Pun), जन्म मिति वि.सं २०२०/०३/२६ (सन १९६३ जुलाई १०) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ती एउटै भएको भनी मोदी गाउँपालिका ४ नं. वडा कार्यालय पर्वतको च.नं. १३१, मिति २०८३/०६/०५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## अप्पर सेती-१ जलविद्युत आयोजना (२०.९मे.वा.) परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षणको लागि सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०६/२२

नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ बमोजिम "**अप्पर सेती–१ जलविद्युत आयोजना** (२०.९मे.वा.)" आयोजनाको लागि परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षणको (Revised IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्नलिखित **मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई** कार्यक्रम हुने भएकोले प्रस्तावित आयोजनासँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गर्दछौं।

| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | |
|---|---|
| मिति : २०८३/०६/२७ गते मंगलबार<br>समय : बिहानको ११:०० बजे<br>स्थान : पोखरा महानगरपालिका वडा–१९ को कार्यालय | मिति : २०८३/०६/२८ गते बुधबार<br>समय : बिहानको ११:०० बजे<br>स्थान : माछापुच्छ्रे गाउँपालिका वडा नं २ को कार्यालय |
| सम्पर्कको लागि: | |
| प्रस्तावक | परामर्शदाता |
| नाम : श्रेष्ठ इनर्जी सोलुसन प्राइभेट लिमिटेड<br>ठेगाना : बुद्दनगर–१०, काठमाडौं<br>सम्पर्क नं. : ०१–५९०२५६०/०१५९०५८९० | नाम : सिद्धार्थ इन्भाएरोन्मेन्टल सर्भिस<br>ठेगाना : काठमाडौँ, नेपाल<br>फोन नं. : ०१–४५७३२००, ९८५५०६४६८५ |

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु. सैनिक नं.JC 55457 F SUB G.D. का सुकदेव शर्माको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमती तुलसी देवी शर्माको ना.प्र.नं.२२४१६ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर तुलसी देवी शर्मा उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर तुलसी देवी उल्लेख भइ मैले मेरो पेन्सन अभिलेखमा मेरो श्रीमतीको नाम/थर तुलसी देवी जन्म मिति १९५४/०६/१३ लेखिएको तर नेपाली नागरिकताको प्रमाण पत्रमा मेरो श्रीमतीको नाम/थर तुलसी दे वी शर्मा र जन्म मिति १९६०/०८/१९ उल्लेख भई फरक पर्न गएको भएता पनि ब्यक्ति एउटै हो फरक होईन । म मेरो श्रीमतीको नाम तुलसी देवी शर्मा तथा जन्म मिति १९६०/०८/१९ कायम गर्न चाहन्छु। उक्त नाम र जन्म मिति नागरिकता प्रमाण पत्रमा उल्लेख गरिएको छ र भविष्यमा यही नाम तथा जन्म मितिलाई स्थायी रुपमा प्रयोग गर्न चाहन्छु। एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि मिति २०८३।०६।२० गतेको सिफारिस पत्रबाट भारतीय पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# बाढीले बेनी-दरवाङ सडक कटान, दुखुबेँसीबस्ती जोखिममा

**रासस**
म्याग्दी, २१ असोज



मालिका गाउँपालिका-६ बालौटेमा म्याग्दी नदीको बाढीले बेनी-दरवाङ सडक कटान गर्नुका साथै दुखुबेँसी गाउँ जोखिममा परेको छ।

यही असोज ८ देखि ११ गतेसम्मको झरीपछिको बाढीले बालौटेमा मालिका, मङ्गला र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने पश्चिम म्याग्दीको लाइफलाइन (भाग्यरेखा) मानिएको बेनी-दरवाङ सडकमा क्षति पुग्नुका साथै बस्तीमा जोखिम बढेको हो। नदीले कटान गरेपछि दुखुबेँसीको फेदीमा रहेको सडक भत्किएर बस्तीको नजिकै पहिरो पुगेको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो।

"अर्मनखोलाको बाढीले म्याग्दी नदीको धार परिवर्तन गराउँदा कटान भएर सडक भत्किँदा बेनी-दरवाङ सडकमा यातायात सेवा प्रभावित बनेको छ", उहाँले भन्नुभयो, "दुखुखोलामा ह्युम पाइप राखेर तत्काललाई दुखुबेँसी हुँदै तोलावाङ जोड्ने वैकल्पिक सडक सञ्चालन गरे पनि दिगो समाधानका लागि सडक मर्मत र बस्ती संरक्षणको विकल्प छैन।"

साँघुरो, कच्ची अवस्थाको ग्रेड नमिलेको वैकल्पिक सडकमा ठूला सवारीसाधन एकापसमा पास हुने पर्याप्त ठाउँ छैन। कतिपय ठाउँमा सवारीसाधन भुइँमा ठेक्किन्छन्। ह्युम पाइप राखिएको ठाउँमा बाढी आएर बगाउने जोखिम पनि उत्तिकै छ। बागलुङको तमानखोलाका बासिन्दाले समेत प्रयोग गर्ने यो सडक निकै व्यस्त हुन्छ।

म्याग्दीखोला बेसिनमा निर्माणाधीन छवटा जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण ढुवानी गर्ने सवार ।साधनको चाप पनि यो सडकमा छ। गण्डकी प्रदेश सरकार मातहतको बेनी-दरवाङ सडक स्तरोन्नति आयोजना सञ्चालन गरिरहेको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख सिनियर डिभिजनल इन्जिनियर राजेश उलकका अनुसार करिब १०० मिटर दूरीमा कालोपत्र डिलदेखि कुनासम्मै सडकको पूरै भाग भत्किएको छ। सडक भत्किएको ठाउँमा पैदलयात्रा गर्न पनि जोखिम छ। खोलाको किनारदेखि पक्की पर्खाल उठाएर सडकलाई पुनर्निमाण गर्नुपर्ने कार्यालय प्रमुख उलकले बताउनुभयो। डिलतिर ठाउँ छैन, भित्ता काटेर सडक बनाउँदा बस्तीलाई जोखिम हुन्छ। मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले पहिरोका कारण करिब १४० घरपरिवारको बसोबास रहेको दुखुबेँसी गाउँलाई जोखिम बनाएको बताउनुभयो।

कटान रोकथाम, सडक सञ्चालन र बस्ती संरक्षणको काम गर्नुपर्ने दुखुबेँसीका बासिन्दाको भनाइ छ। बेनी-दरवाङ सडकको पछिल्लोपटक चुनौती बनेको बालौटे खण्डको सडक पुनर्निर्माणको काम अघि बढाउन मङ्गलबार म्याग्दी १ (२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली (सुविन), गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव नवराज शर्मा, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँको टोलीले निरीक्षण गर्नुभयो। सांसद जुग्जालीले यातायात सञ्चालन, सडक पुनर्निर्माण, कटान नियन्त्रण र बस्ती संरक्षणको कामलाई समानान्तर रुपमा अघि बढाउन प्रस्ताव गर्नुभयो।

तत्काल बस्तीलाई असर नपुग्ने गरी सडक पुनर्निर्माण गरी दसैँअघि सवारी सञ्चालन गर्ने र आगामी बर्खाअघि नै नदी नियन्त्रण गर्नुपर्ने जुग्जालीले बताउनुभयो। सचिव शर्माले पूर्वाधार विकास कार्यालयले सडक मर्मत शीर्षकको मौजुदा र अख्तियारीप्राप्त भएको बजेटमार्फत ग्याबियन जाली खरिद र मजदुरको ज्यालाको व्यवस्थासँगै थप बजेटको प्रक्रिया अघि बढाउने, मन्त्रालयले स्रोतको व्यवस्थापन गर्ने, गाउँपालिकाले नदीजन्य निर्माण सामग्री उपलब्ध गराउने र छिटो काम गर्नका लागि जलविद्युत् आयोजनाहरूका उपकरण परिचालन गर्ने समझदारी बनेको बताउनुभयो।

मन्त्रालयले प्रदेश सरकार मातहतका गण्डकीका अन्य जिल्लाका विपद्बाट क्षतिग्रस्त सडक आयोजनालाई पनि तत्काल मर्मत गरी सञ्चालनका लागि बजेटको अभाव हुन नदिने र कतिपय जिल्लामा काम भइरहेको सचिव शर्माले बताउनुभयो।



पार्किङमा राखिएका इभी गाडी : मुस्ताङको जोमसोम बसपार्कमा राखिएका विद्युतीय सवारी 'इभी' गाडी। बेनी-जोमसोम सडक अवरुद्ध हुँदा कोरला नाकाबाट जोमसोम आइपुगेका इभी गाडीहरु एक सातादेखि गन्तव्यतर्फ प्रस्थान गर्न सकेका छैनन्। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# म्याग्दीमा बाढी पहिरोबाट अर्बौंको क्षति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असोज

अविरल वर्षापछि आएको बाढीपहिरोले म्याग्दीमा पुऱ्याएको क्षतिको प्रारम्भिक विवरण मङ्गलबार सार्वजनिक गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले सात जनाको मृत्यु र दुई वेपत्ता भएको विपद्का कारण सडक, खानेपानी, नदी नियन्त्रण, विद्युत्, सञ्चार, सिँचाइ पूर्वाधार र निजी सम्पत्तिमा अर्बौंको क्षति भएको विवरण सार्वजनिक गरेको हो। प्रमुख जिल्ला अधिकारी गणेश गैरेले सुरक्षा निकायका प्रमुखको उपस्थितिमा आयोजित पत्रकार सम्मेलनमा विपद्पछिको क्षतिको प्रारम्भिक विवरण सार्वजनिक गर्नुभएको थियो। "जिल्लाभर १११ घर पूर्ण रूपमा क्षति भएको छ," उहाँले भन्नुभयो, "९३ घरमा आंशिक क्षति पुगेको छ भने ३४२ घर पहिरोको उच्च जोखिममा परेको छ।" प्रारम्भिक विवरणअनुसार बेनी-जोमसोम सडकखण्डमा मात्रै करिब रु ८० देखि ९० करोड बराबरको क्षति भएको छ। बेनी-दरबाङ सडकखण्डमा करिब रु आठ करोडको क्षति पुगेको छ। सदरमुकाम बेनीमा वितरण हुने खानेपानीका संरचनामा रु आठदेखि १० करोड बराबरको क्षति भएको छ। यस्तै, विद्युत् संरचनामा करिब रु दुई करोड ५० लाखको क्षति पुगेको प्रशासनले जनाएको छ। प्रहरी नायब उपरीक्षक राजन कार्कीले पूर्वसतर्कता र सावधानीले मानवीय क्षति न्यूनीकरण भएको बताउँदै भौतिक क्षति भने अकल्पनीय रहेको बताउनुभयो। विपद्पछि खोज, उद्धार र राहतमा तीनै तहका सरकार, सुरक्षा निकाय, जनप्रतिनिधि र सङ्घसंस्था परिचालन भएका छन्।

बाढीपहिरोका कारण नेपाल टेलिकमको अप्टिकल फाइबरमा क्षति पुगेको तथा तीनवटा टावरमा इन्धन अभाव भएपछि सञ्चार सेवा प्रभावित भएको छ। विद्युत् सेवा अवरुद्ध हुँदा शिख, पुनहिल, पोखरेबगर, घोरेपानी, बेगखोलालगायत ग्रामीण क्षेत्र अझै अन्धकारमा रहेको छ। खोजी, उद्धारको चरणपछि राहत वितरण, विस्थापितको व्यवस्थापन, क्षतिको विवरण सङ्कलन कार्यलाई पूर्णता, अवरुद्ध सडक, विद्युत, सञ्चार र खानेपानी पुनः सञ्चालन गराउन केन्द्रित भएको प्रजिअ गैरेले बताउनुभयो। सडक सम्पर्कविच्छेद भएका अन्नपूर्ण गाउँपालिकाका विभिन्न क्षेत्रमा हेलिकप्टरमार्फत ३०० भन्दा बढी घरपरिवारलाई राहत सामग्री पुऱ्याइएको छ। विपद्का कारण जोखिममा परेका दुई गर्भवती तथा दुई जना गम्भीर बिरामीलाई हेलिकप्टरमार्फत उद्धार गरी तत्काल अस्पताल पुऱ्याइएको उहाँले जानकारी दिनुभयो। बाढीपहिरोबाट विस्थापित परिवारलाई हाल स्थानीय विद्यालय, सामुदायिक भवन तथा आफन्तको घरमा राखिएको छ। पूर्णरूपमा घर क्षति भएका परिवारका लागि तत्काल अस्थायी आवासका रूपमा बलिया टेन्टको व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी गैरेले बताउनुभयो।

बाढीपहिरोबाट क्षतिग्रस्त सडक तथा अन्य पूर्वाधार मर्मतको काम तीव्र पारिएको छ। हाल बेनी-दरबाङ-मुना र बेनी-जोमसोम सडकको बैसरीसम्म सञ्चालनमा आएको छ। बाढीपहिरो प्रभावित क्षेत्रको जोखिम अध्ययनका लागि बेनी नगरपालिका र रघुगङ्गा गाउँपालिकामा भौगर्भिक टोलीले अध्ययन सम्पन्न गरिसकेको छ। अन्नपूर्ण, मालिका, मङ्गला र धवलागिरि गाउँपालिकाका जोखिमयुक्त क्षेत्रमा थप भौगर्भिक अध्ययनका लागि पहल भइरहेको प्रशासनले जनाएको छ। विपद्बाट विस्थापित परिवारको दीर्घकालीन पुनःस्थापना, क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा प्रभावितको जीवनलाई पुरानै अवस्थामा फर्काउन केन्द्रित हुने प्रजिअ गैरेले बताउनुभयो।

# मालढुङ्गा पुल दसैँअघि नै सञ्चालनमा ल्याइने

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असोज

यही असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीले क्षति पुऱ्याएको बागलुङ र पर्वत जोड्ने मालढुङ्गा पुल आगामी बडादसैँ अगाडि नै सञ्चालनमा ल्याउनेगरी काम भइरहेको छ।

सडक डिभिजन कार्यालय पोखराले पुल दसैँअघि नै सञ्चालनमा ल्याउने तयारीका साथ मर्मतको काम द्रुतगतिमा गरिरहेको छ भने हाललाई बागलुङ बजार पुग्न वैकल्पिक मार्ग प्रयोगको व्यवस्था मिलाएको छ। चाडबाडअघिको आवागमनका साथै पर्यटकीय गतिविधिलाई लक्षित गरी मालढुङ्गा पुलको विकल्पमा मालढुङ्गा-बेनी हुँदै बागलुङ र पर्वतको फलेवास-जैमिनीघाट हुँदै बागलुङ मार्ग प्रयोग भइरहेको छ। एक सय १४ मिटर लामो पुलको पहुँचमार्गको झन्डै ३० मिटर सडकमा क्षति पुगेपछि १० दिनदेखि दुई जिल्लाबीचको सम्पर्क सहज बन्न सकेको छैन। सुरुमा सम्पर्कविच्छेद नै भए पनि अहिले भने वैकल्पिक मार्गबाट आवतजावत भइरहेको छ। यसबाट मध्यपहाडी लोकमार्ग हुँदै बागलुङ, रुकुम, रोल्पाको सम्पर्क सूत्र पनि टुटेको छ। सडक डिभिजन कार्यालय पोखराले पुल मर्मतकार्य २४सै घण्टा गरिएकाले अबका केही दिनमै पुल सञ्चालनमा आउने जनाएको छ। बाढीले क्षति पुऱ्याएको बागलुङ र पर्वत जोड्ने मालढुङ्गा पुलको अवस्था अवलोकन गर्न पुग्नुभएका नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले बागलुङको पर्यटन र आयातनिर्यातका लागि पुल छिट्टै सञ्चालनमा ल्याउनुपर्ने हाललाई भने बागलुङ पुग्ने वैकल्पिक मार्गका बारेमा पर्यटक र यात्रुलाई जानकारी दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मालढुङ्गा पुल राष्ट्रिय महत्वका रूपमा रहेको छ। उक्त पुल जतिसक्दो चाँडै सञ्चालनमा ल्याउनुपर्छ। कामको प्रगति पनि राम्रै भइरहेकाले चाँडै नै निर्माण हुने पनि देखिएको छ। यसका साथै वैकल्पिक मार्गलाई पनि थप चलायमान बनाउन सकिएमा यसबाट यस क्षेत्रको पर्यटन र आयात-निर्यात सहज बन्नेछ। यो एउटा पुलमात्रै नभएर बागलुङलाई राष्ट्रिय राजमार्गमा जोड्ने सेतु नै रहेको र भारत र चीनलाई जोड्ने कालीगण्डकी करिडोर तथा पहाडलाई छिचोलेको मध्यपहाडी लोकमार्गकै सङ्गमस्थल रहेको ढकालको भनाइ थियो। सडक डिभिजन कार्यालयका प्रमुख हरि सुवेदीले बागलुङ आउने मुख्य नाकाका रूपमा रहेको मालढुङ्गा पुल ठप्प भएपछि वैकल्पिक मार्ग प्रयोग हुँदै आएको जानकारी दिँदै सुवेदीले भन्नुभयो, "दसैँअघि नै पुल सञ्चालनमा आउँछ, बागलुङसहित रुकुमपश्चिमसम्मका यात्रुले सहज यात्रा गर्न सक्नेछन्।" पुष्पलाल मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वत र बागलुङ जोड्ने कालीगण्डकीमाथिको मालढुङ्गा मोटरेबल पुल मर्मतकार्य जियोब्याग र जियोग्रेड प्रविधिमा २४सै घण्टा भइरहेको सडक डिभिजन कार्यालय पोखराका इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो।

अधिकारीले चाडबाडसमेत नजिकिँदै गएको तथा बागलुङमा खाद्यान्न, ग्यासलगायत उपभोग्य सामानको अभावसमेत देखिन थालेकाले २४सै घण्टा काम गरेर भए पनि छिटो पुल सञ्चालनमा ल्याउने प्रयास गरिएको जानकारी दिनुभयो। बागलुङका पर्यटन व्यवसायी अर्जुन चोखालका अनुसार बागलुङ बजारमा ग्यास, पेट्रोलियम पदार्थ र खाद्यन्न वैकल्पिक मार्गबाट नियमित आयात भइरहेको छ। उहाँले बैकल्पिक मार्गको प्रयोगबारे स्थानीय, पर्यटक र अन्य यात्रुलाई पनि जानकारी दिइएको बताउनुभयो।


## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. २ (साविक थापाठाना गा.वि.स. वडा नं. ३) बस्ने भारतीय सेना ६४ फिल्ड रेजिमेन्ट भु.पु.नं. १२६५५८२Y हवल्दार केश बहादुर श्रेष्ठको श्रीमती विष्णु माया श्रेष्ठको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु माया श्रेष्ठ (Bishnu Maya Shrestha), जन्म मिति वि.सं. २०१४/०५/१० (सन १९५७/०८/२६) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर विष्णु माया (Bishnu Maya), जन्म मिति वि.सं. २०१५/०९/२६ (सन १०-०१-१९५९) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ति एउटै भएको भनी फलेवास नगरपालिका २ नं. वडा कार्यालय पर्वतको च.नं. १७२, मिति २०८३/०६/२० को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**



## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं. ९ (साविक भँगरा गा.वि.स. वडा नं. २) बस्ने भारतीय आर्मी भु.पु.नं. ५८४६४०७L चित्र बहादुर क्षेत्रीको श्रीमती टिका कुमारी क्षेत्रीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर टिका कुमारी क्षेत्री (Tika Kumari Chhetri), जन्म मिति वि.सं. २०२६/०६/१५ (सन १९६९/१०/०१) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर टिका क्षेत्री (Tika Chhetri), जन्म मिति वि.सं. २०२६-०६-२० (सन ०६-१०-१९६९) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ती एउटै भएको भनी फलेवास नगरपालिका ९ नं. वडा कार्यालय पर्वतको च.नं. १७९, मिति २०८३/०६/२० को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**



## कालीगण्डकी गाउँपालिका भएर बग्ने विभिन्न नदी/खोलाको बगर क्षेत्रबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को दिगो संकलन एवम् उत्खनन् प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धित प्रकाशित सार्वजनिक सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२२)

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, कालीगण्डकी गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | | |
|---|---|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | कालिगण्डकी गाउँकार्यपालिकाको, कालीगण्डकी गाउँपालिका, स्याङ्जा | | |
| प्रस्तावको व्यहोरा | कालीगण्डकी गाउँपालिका भएर बग्ने खोलाहरूका विभिन्न घाटबाट ढुङ्गा, गिट्टी, बालुवा तथा नदी जन्य पदार्थ संकलन /उत्खनन् गर्ने | | |
| घाटको नाम र प्रभावित वडा | | | |
| आँधिखोला आँधिदोभान, वडा-७ | अर्घेली सिसाखोला घाट, वडा-१ | काभ्रे घाट, वडा-३ | बास्टारी घाट, वडा-५ |
| छोडुवाघाट, वडा-१ | प्युघा घाट, वडा-१ | दिवल घाट, वडा-३ | बेल्टारी घाट, वडा-५ |
| छुमटुङ वगर, वडा-१ | शेराफाँट, वडा-२ | बारीचौर घाट, वडा-३ | बसेनी बगर, वडा-२ |
| धगौटि घाट, वडा-१ | बग्दी बगर, वडा-२ | अरुवा घाट, वडा-४ | कप्पा बगर, वडा-५ |
| प्रभाव पर्न सक्ने जिल्ला/ गा.पा. | कालिगण्डकी गाउँपालिका, स्याङ्गजा | | |

यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्नका लागि स्थानीय वातावरणीय तथा सामाजिक-आर्थिक प्रणालीमा पर्ने असरहरूको अध्ययन भइरहेको छ। सो क्रममा आयोजनाबाट पर्न सक्ने प्रभावहरूबारे स्थानीय निकाय (कालीगण्डकी गाउँपालिका), स्वास्थ्य संस्था, विद्यालय तथा सम्पूर्ण सरोकारवालाहरूको राय आवश्यक परेकाले यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको ७ दिनभित्र निम्न ठेगानामा आफ्ना लिखित सुझावहरू पठाउनुहुन हार्दिक अनुरोध छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| कालिगण्डकी गाउँपालिका, स्याङ्गजा | सुकल्प इन्जिनियरिङ कन्सल्टेन्सी, कास्की |
| kaligandakimunicipality@gmail.com 9856000070 | sukalpa.engg@gmail.com 9846166019 |